श्री

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

राजस्व सदस्य श्री गोविन्दप्रसाद अधिकारी

लेखा सदस्य श्री पुष्पप्रसाद गुरागाईं

फैसला

२०७९।०८० सालको निर्णय नं. ११०

पुनरावेदन नं. ०७६-RB-०२०८

मुद्दाः– मुल्य अभिवृद्धि कर (२०७०।७१)।

एभरेष्ट ग्यास उद्योग प्रा.लि. (स्थायी लेखा नं. ३०११३५४६९) को तर्फबाट ऐ.का. अधिकार प्राप्त कम्पनीका प्रतिनिधि राजेन्द्र प्रसाद तिवारी.....................................१ } पुनरावेदक

विरुद्ध

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर हाल मध्यमस्तरीय करदाता कार्यालय बबरमहल,काठमाण्डौं.. १ } प्रत्यर्थी

शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री शोभाकान्त पौडेल

शुरु कार्यालयको निर्णय मितिः–२०७३/०३/२४

प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विनोद बहादुर कुँवर

निर्णय मितिः २०७६/०९/०७

उपस्थित कानून व्यवसायीहरु

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री सुजन रिजाल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्धान उपन्यायाधिवक्ता श्री दिपक भण्डारी

अवलम्वित नजीरः ×

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३/०३/२४ मा भएको अन्तिम कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट कार्यालयको निर्णयलाई नै सदर गर्ने गरी भएको निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मुल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम पर्न आएको प्रस्तुत पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

तथ्य खण्ड

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतको करदाता श्री एभरेष्ट ग्यास उद्योग प्रा.लि. (स्थायी लेखा नं. ३०११३५४६९) को मिति २०७३।२।६ मा स्वीकृत करपरिक्षण प्रतिवेदनको आधारमा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(१)(घ) बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा २९(१)(क) बमोजिम जरिवाना समेत गरी जम्मा रू.१४,५९,८६८।- को प्रारम्भिक कर निर्धारण आदेश मिति २०७३।०२।०९ मा भएको ।

२. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३।०२।०९ मा जारी भएको सूचना करदाताले मिति २०७३।०२।१० मा बुझी लिई सूचनाको जवाफ करदाताले मिति २०७३।०२।१८ मा पेश गरेको देखियो ।

३. करदाता श्री एभरेष्ट ग्यास उद्योग प्रा.लि.ले पेश गरेको आ.व.२०७०।७१को एल.पी. ग्यांसको शुरू मौज्दात, खरीद, बिक्रि र अन्तिम मौज्दातको विवरणलाई विश्लेषण गर्दा उद्योगले ६,३०१.१८ मेट्रिक टन एल.पि.ग्यांस खरिद गरी खपत गरेकोमा नेपाल आयल निगमले तोके बमोजिम पाउने ०.१५ प्रतिशतले हुने Working Loss ९.४५ मेट्रिक टन सम्म हुनुपर्ने देखिन्छ प्रा.लि.ले पेश गरेको बिवरण अनुसार १०.२८ मेट्रिक टन Gas Loss भएको देखिन आयो वास्तविक भन्दा घटी उत्पादन देखाएको कारणबाट करदाताले दाखिला गरेको कर विवरण अधूरो एवम त्रुटिपूर्ण भएको, घटी देखाएको उत्पादन परिमाणलाई गैर विजक विक्रि गरेको मान्नु पर्ने देखिन्छ । यसरी तोकिएको Norms भन्दा बढी परीमाण बराबरको हुने बिकि मूल्य रू ७३,८०८।०० मा मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा २०(१) खण्ड (घ) बमोजिमको अवस्था विद्यमान रहेकोले कायम हुने

विक्रि मूल्य रू. ७३,८०८।०० को १३ प्रतिशतका दरले हुने मु.अ.कर रू. ९,५९५।०० कर निर्धारण गरि सो रकममा सोहि ऐनको २९(२) बमोजिम शत प्रतिशतले हुने जरिवाना रू. ९,५९५।०० समेत निर्धारण गर्न पर्ने देखिन्छ । कर निर्धारण प्रयोजनको लागि २०७१ आषाढलाई कर अवधि कायम गरि ऐनको दफा १९ अनुसार थप दस्तुर तथा ऐनको दफा २६ अनुसार व्याज समेत गणना गरी असूल गर्नुपर्ने हुन्छ। **Sales Reconciliation** विवरण अनुसार आयकर तर्फ भन्दा मूल्य अभिबृद्धि कर तर्फ रु. ४१,२९४।७२ घटि विक्री देखाएको भनि सो को स्पष्ट प्रमाण तथा कागजात पेश हुन नसकेको भनि सो रकममा रु.५,३६८।०० मूल्य अभिबृद्धि कर निर्धारण गरी शतप्रतिशत जरिवाना सहित थपदस्तुर तथा व्याज गणना भई आएको छ ।कम्पनीको यस आ.व.को विक्री रकम रु.५.९६.८३.९४१७/३७ मात्र भएको र सोहि रकम त्यस कार्यालयमा पेश भएको **Income Statement** मा देखिएकोले फरक नै नपरेको रकम लाई फरक देखिएको मानि सो मा मू.अ.कर निर्धारण गरिने कार्यालयको निर्णय मिलेको देखिएन ।अतः वढि करयोग्य मानिएको रकम रु.४१,२९४/७२ लाई अन्तिम कर निर्धारण गरी पाऊँ भनी सामान्य जबाफ पेश गरेको पाईयो ।तर आयकरमा भन्दा मु.अ.करमा घटी बिकी देखाएको छैन भनी बिक्री हिसाब बिवरण तथा सो लाई पुष्टि गर्ने प्रमाण जबाफ साथ पेश नगरेको हुनाले आयकर तर्फ भन्दा मू.अ.कर तर्फ घटि विक्री देखाएको रु. ४१,२९४/७२ मा मू.अ.कर ऐन २०५२ को दफा२०(१)(घ) अनुसार १३ प्रतिशतका दरले हुने मु.अ.कर रू.५,३६८।०० कर निर्धारण गरि सो रकममा सोहि ऐनको २९(२) बमोजिम शत प्रतिशतले हुने जरिवाना रू.५,३६८।०० र ऐनको दफा १९ अनुसार थप दस्तुर तथा ऐनको दफा २६ अनुसार व्याज समेत गणना गरी असूल गर्ने र करनिर्धारण प्रयोजनको लागी २०७१ आषाढ लाई कर अवधि कायम गरी अन्तिम कर निर्धारण गर्नुपर्ने ठहर्छ भनी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३।३।२४ मा भएको निर्णय पर्चा ।

४. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७३/०३/३० मा जारी गरेको आ.व. २०७०।७१ को मुल्य अभिबृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी श्री एभरेष्ट ग्यास उद्योग प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/०६/२० मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. पुनरावेदक करदाताको हकमा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३।०३।२४ मा जारी गरेको आर्थिक बर्ष २०७०/०७१ को मुल्य अभिबृद्धि कर तर्फ भएको अन्तिम कर निर्धारण आदेशमा लिईएका आधार तथा कारणहरु तथ्यपूर्ण र कानूनसम्मत भएको हुँदा निवेदकको जिकिर पुग्न नसक्ने ठहर गरी आन्तरिक राजस्व विभागका महनिर्देशकबाट मिति २०७६।०९।०७ मा निर्णय भएको ।

६.	ठूला करदाता कार्यालय, हरिहर भवन ललितपुरबाट कम्पनीको मूल्य अभिबृद्धि करमा रु.५,९४,१२१/, जरिवाना रु. ५,९४,१२१/, थप दस्तूर रु. १,१४,२६६।- र ब्याज रु१,७८,२३६/ समेत जम्मा रु १४,८०,७४४।-विवादित मुल्य अभिबृद्धि कर निर्धारण गरेको, मिति २०७३/०३/२९को शुरू कार्यालयको निर्णयमा तोकिएको भन्दा बढी जर्ति लिएको, मु.अ.कर छुट बिक्री मध्ये मु.अ.कर लाग्ने बिक्रि मानी कार्यालयबाट मु.अ.कर निर्धारण गरिएको रकम सम्बन्धमा,आयकर भन्दा मुल्य अभिबृद्धि कर तर्फ घटी बिक्री देखाएको भनी थप कर निर्धारण भएको सम्बन्धमा अन्तिम कर निर्धारण आदेश उपर चित्त नबुझी प्रशासकिय पुनरावलोकनका लागि आन्तरिक राजस्व बिभागमा निबेदन दिएकोमा निबेदकले जिकिर पुग्न नसक्ने ठहर गरी कार्यालयकै कर निर्धारण लाई सदर गरिएको छ। नेपाल आयल निगमले ग्यास उद्योगको रिफिलिङ गर्ने कार्यमा हुने अधिकतम **Working Loss** ०.१५ प्रतिशत हुन्छ भनी तोकिएकोमा जर्ति परिमाण ०.१५ प्रतिशतलाई कानून सरह मानेर कुनै पनि कारणबाट मापदण्ड भन्दा बढि जर्ति देखिन गएको परिणाम माथि टेकेर नभएको अन्तिम मौज्दात परिमाण गणना गरी त्यसलाई यति परिणामको सिलिण्डर भरेर बिक्रि गरेको भनि हुदै नभएको थप बिक्रि रु.७,०७,६६२।४० कायम गरी मूल्य अभिबृद्धि कर रकम, जरिवाना, थप दस्तुर र ब्याज गणना गरिएको बिषय कानून सम्मत छैन। ग्यास ज्यादै संवेदनसिल कच्चा पदार्थ भएका कारण जर्ति जाने बाटाहरु थुप्रै रहेका छन् जसका कारण यति प्रतिशत नै जति (**Normal Loss)** हुनु पर्ने किटान गर्न गाह्रो का साथै ब्यवहारिक देखिदैन।कम्पनीको रेकर्डबाट देखिने बास्तविक स्टक नै सहि हुँदा कार्यालयबाट थप कायम गरिएको बिक्री रकम र सो मा गणना गरिएको मू.अ.कर समेतको कुनै कानूनी आधार नभएकोले बढी माग गरेकोले आन्तरिक राजस्व कार्यालयले गरेको प्रशासकीय पुनरावलोकनको बदर गरी संशोधित कर निर्धारण आदेश अनुसारको कर शुल्क र सो सँग सम्बन्धित व्याज तथा दस्तुर कुनै पनि रकम तिर्न भुक्तानी गर्न नपर्ने गरी फैसला गरी न्याय दिलाई पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७६/१२/०३ मा यस न्यायाधिकरणमा पेश भएको पुनरावेदन पत्र ।

७.	यसमा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा १४०(३) बमोजिम छलफल प्रयोजानार्थ प्रत्यार्थी झिकाउने गरी यस न्यायाधिकरणबाट मिति २०७७।१२।२० मा भएको आदेश ।

ठहर खण्ड

८.	नियम बमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवं प्राप्त सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक करदाता श्री

एभरेष्ट ग्यास उद्योग प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान अधिवक्ता श्री सुजन रिजालले करदाताको आ.व. २०७०/०७१ को मूल्य अभिवृद्धि करका सम्बन्धमा शुरु ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट भएको अन्तिम कर निर्धारण आदेश तथा सोही आदेश सदर गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णयमा कर लगाउँदा लिईनुपर्ने आधार तथा कारण स्पष्ट रुपमा नखुलाएको, निर्णय पर्चामा करदाताले तिर्न बाँकी रहेको रकम नतिरेको भन्ने कारण आधार नदेखाएको तर नपाउने कर रकममा दावी गरेको भन्ने आधार लिई सो को कारण जरिवाना समेत गरेको कार्य कानूनसम्मत नभएको, निवेदक उद्योगलाई न्यायबाट वञ्चित गर्दै भएको अन्तिम कर निर्धारण आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागबाट भएको निर्णय त्रुटिपूर्ण हुँदा सो बदर गरी पाउँ भनी गर्नुभएको बहस जिकिर समेत सुनियो।

९. प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री बिमला गौतमले पुनरावेदक करदाताले तोकिएको भन्दा बढी जर्ति कट्टा गरेको, **Sales reconciliation** विवरण अनुसार आयकर भन्दा मुल्य अभिबृद्धि कर तर्फ घटी बिक्री देखाएको, करदाताको हकमा भएको संसोधित अन्तिम कर निर्धारण आदेश तथा प्रशासकीय पुनरावलोकनको निर्णय कानूनसम्मत रहेको हुँदा सो निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

१०. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु ,दुवैतर्फवाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको मुल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

११. सर्वप्रथम सहकर्मी लेखा सदस्यले धरौटीको सम्बन्धमा फरक राय व्यक्त गर्नु भएकोले पुनरावेदक करदाताले यस न्यायाधिकरणमा यो पुनरावेदन दर्ता गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) को परिपालना गरेको देखिन्छ वा देखिदैन भन्ने प्रश्न तर्फ विचार गर्नुपर्ने देखियो। राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा **"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने कानूनी व्यवस्था गर्दै खण्ड (क) मा कर निर्धारण भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा निर्धारित करको पचास प्रतिशत रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले नै तोकिदिएको कार्यालयमा"** भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्था बमोजिम

धरौटी राखेको सम्बन्धमा करदाताले पुनरावेदन पत्रको पहिलो पृष्ठमा विवादित कर रू.१४,८०,७४४।- निर्धारण भएकोमा सोको आधा रू.७,४०,३७२।- पुनरावेदन गर्दा दाखिला गर्नु पर्नेमा ठूला करदाता कार्यालय,हरिहर भवनमा प्रशासकीय पुनरावलोकन गर्दा रू.४,९३,६००।-दाखिला गरेको हुँदा दाखिला गर्नुपर्ने रकम नपुग रू.२,४६,७७२।- धरौटी वापत जम्मा गरिएको छ भनी व्यहोरा लेखी भौचरको प्रति समेत संलग्न गरेको देखियो।यसरी कर निर्धारणको विवादित रकम रू. १४,८०,७४४।- रहेको र धरौटी वापत दाखिल गरेको रकम रु.७,४०,३७२।- भई विवादित कर रकमको पचास प्रतिशत रकम जम्मा भएको मिसिलबाट देखियो। रकम जम्मा गर्दा धरौटी खातामा जम्मा नगरी राजश्व खातामा जम्मा भएको कारणले मात्र करदाताले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१)(क) को परिपालना नगरेको भन्नु न्यायोचित हुने देखिएन। त्यसैले धरौटी नराखेको आधारमा पुनरावेदन पत्र खारेज गर्नुपर्ने भनी लेखा सदस्यले व्यक्त गरेको रायसँग सहमत हुन सकिएन।

१२. अव पुनरावेदकले पुनरावेदन पत्रमा लिएको जिकीर हेर्दा, पहिलो जिकीर तोकिएको Norms भन्दा बढी जर्ति लिएको भनी मूल्य अभिवृद्धि कर निर्धारण गरेको विषयमा रहेको देखियो। ग्यासको कारोबारमा संलग्न हुने उद्योगलाई ग्यास उपलब्ध गराउने र ग्यासको बिक्री मूल्य समेत नेपाल आयल निगमले तोकिदिने सोही मूल्यमा उद्योगले ग्यास बिक्री गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ।नेपाल आयल निगमले ग्याँस उद्योगको रिफिलिङ्ग गर्ने कार्यमा हुने अधिकतम Working loss ०.१५ प्रतिशत सम्म तोकिएकोमा विवाद देखिँदैन। करदाताले आ.व.२०७०/०७१मा ६३०१.१८ मेट्रिक टन ग्याँस खपतबाट ६२९१.७२ मेट्रिक टन ग्यास उत्पादन गरेको हुनुपर्नेमा ६२९०.९० मात्र उत्पादन भएको देखाई ०.८३० मेट्रीक टन कम उत्पादन भएको देखाएको पाइयो।अन्य ग्यास रिफिलिङ्ग उद्योगहरुले नेपाल आयल निगमले तोकेको जर्ति ०.१५% Norms बमोजिमकै परिमाणको उत्पादन देखाइ विवरण पेश गरेकोमा पुनरावेदक करदाताको मात्र नर्म्स बमोजिम नगरी ०.८३० मेट्रिकटन ग्याँस घटी किन उत्पादन भएको हो भन्ने सम्बन्धमा कुनै युक्तिसंगत कारण गर्न सकेको देखिँदैन। त्यसैले करदाताको हकमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) खण्ड (घ) बमोजिमको अवस्था विद्यमान रहेकोले घटी देखाएको ग्याँसको कायम हुने विक्रि मूल्य रू. ७३,८०८।०० को १३ प्रतिशतका दरले हुने मूल्य अभिबृद्धि कर रू. ९,५९५।०० कर निर्धारण गरी सो रकममा सोहि ऐनको २९(२) बमोजिम शत प्रतिशतले हुने जरिवाना रू. ९,५९५।०० समेत निर्धारण गर्ने गरी शुरु ठूला करदाता कार्यालयले गरेको आदेश र सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानून सम्मत नै देखियो ।

१३. पुनरावेदक करदाताले पुनरावेदन पत्रमा जिकिर लिएको अर्को विषय मूल्य अभिवृद्धि कर छुट विक्री मध्ये मूल्य अभिवृद्धि कर लाग्ने विक्री मानी कार्यालयबाट मूल्य अभिवृद्धि कर निर्धारण गरिएको रकम रु.३७,३७,८७५।- का सम्बन्धमा रहेको देखिन्छ। उक्त विषयको सम्वन्धमा आन्तरिक राजस्व विभागका महानिर्देशकले प्रशासकीय पुनरावलोकनको निवेदनमा निर्णय गर्ने क्रममा कार्यालयले कर परीक्षण प्रतिवेदनमा उल्लेख गरेको कारोवार र निर्णय पर्चामा उल्लेख गरेको कारोवार अंकमा फरक परेको भनी निवेदकको जिकिर, कर परिक्षण प्रतिवेदन निर्णय पर्चामा उल्लिखित कारोवार समेतलाई दृष्टिगत गरी कारोवारको वास्तविकता छानविन गरी पुनःकर निर्धारण गर्नुपर्ने ठहर्छ भन्ने निर्णय गरेको देखिँदा प्रस्तुत विषयमा ठूला करदाता कार्यालबाट पुनः छानविन गरी कानून वमोजिम निर्णय हुने नै हुँदा उक्त पुनरावेदन जिकीरको हकमा थप बोलिरहनु पर्ने देखिएन।

१४. अब पुनरावेदकको अन्तिम पुनरावेदन जिकिर हेर्दा,अन्तिम कर निर्धारण आदेश र सोही आयकर तर्फ भन्दा मु.अ.कर तर्फ रू. ४१,२९४।७२ घटी विक्री देखाएको सम्बन्धमा दृष्टिगत गर्दा Sales Reconciliation विवरण अनुसार आयकर तर्फ भन्दा मू.अ.कर तर्फ रु. ४१,२९४/७२ घटि विक्री देखाएको भनि सो को स्पष्ट प्रमाण तथा कागजात पेश हुन नसकेको भनि सो रकममा रु.५,३६८/०० मू.अ.कर निर्धारण गरी शत-प्रतिशत जरिवाना सहित थप दस्तुर तथा व्याज गणना गरेको देखियो। करदाताले आयकरमा भन्दा मु.अ.करमा घटी बिक्री देखाएको छैन भनी जवाफ पेश गरेको भए पनि मुल्य अभिवृद्धि कर तर्फ घटी विक्रि देखाएको रु.४१,२९४।७२ किन फरक परेको भन्ने सम्बन्धमा बिक्री हिसाब बिवरण तथा सो लाई पुष्टि गर्ने प्रमाण जबाफ साथ पेश नगरेको स्थितिमा कर निर्धारण हुनु कानुन सम्मत भएकोले आयकर तर्फ भन्दा मूल्य अभिबृद्धि कर तर्फ घटी विक्री देखाएको रु. ४१,२९४/७२ मा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा २०(१) (घ) अनुसार १३ प्रतिशतका दरले हने मूल्य अभिबृद्धि कर रू.५,३६८।०० कर निर्धारण गरी सो रकममा सोहि ऐनको २९(२) बमोजिम शत प्रतिशतले हुने जरिवाना रू. ५,३६८।०० र ऐनको दफा १९ अनुसार थप दस्तुर तथा ऐनको दफा २६ अनुसार व्याज समेत गणना गरी असूल गर्ने गरी शुरू कार्यालयबाट गरिएको आदेश र सोही आदेश सदर गर्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णयलाई परिवर्तन गर्नु पर्ने देखिएन।

१५. तसर्थ माथिका प्रकरणमा गरिएको विवेचनाको आधारमा करदाता श्री यसमा करदाता एभरेष्ट ग्यास उद्योग प्रा.ली. (स्थायी लेखा नं.३०११३५४६९)को आ.व.२०७०/०७१ को मूल्य अभिवृद्धि कर तर्फ ठूला करदाता कार्यालयबाट मिति २०७३।०३।२४ मा अन्तिम कर निर्धारण गरेको निर्णय मध्ये स्वास्थ्य सेवा बाहेक विभिन्न औद्योगिक तथा

अन्य प्रयोजनको लागि विक्री गरेको कारोवारको सम्बन्धमा छानविन गरी पुनः कर निर्धारण गर्ने र अन्य शिर्षकको हकमा शुरु निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०९।०७ मा भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकीर पुग्न सक्दैन।

तपसिल खण्ड

१. करदाताको आ.व.२०७०।०७१ को स्वास्थ्य सेवा बाहेक विभिन्न औद्यौगिक तथा अन्य प्रयोजनको लागि विक्रि गरेको कारोवारको सम्वन्धमा विभागको निर्णय बमोजिम छानविन गरी पुनः कर निर्धारण गर्नु भनी मिसिल शुरु मध्यमस्तरीय करदाता कार्यालमा पठाइदिनू।
२. फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई दिनू।
३. फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू।
४. प्रस्तुत फैसलाको विद्युतिय प्रति अपलोड गरी फैसलाको पीठमा जनाउनू।
५. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी रेकर्ड मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

गोविन्दप्रसाद अधिकारी
(राजस्व सदस्य)

लेखा सदस्य श्री पुष्प प्रसाद गुरागाईंको फरक राय

१. यसमा ठूला करदाता कार्यालय ललितपुरका प्रमुख कर प्रशासक श्री शोभाकान्त पौडेलबाट भएको मिति २०७३/०३/२४ को निर्णय र प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/०६/२० मा दिएको निवेदन उपर आन्तरिक राजश्व विभागका महानिर्देशक महानिर्देशक श्री विनोद बहादुर कुँवरबाट मिति २०७६/०९/०७ मा

भएको उपर चित्त नबुझि मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा ३३ तथा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दा ऐ. ऐनको दफा ९ को उपदफा (१) बमोजिम निर्धारित निर्धारित (विवादित) कर रु.१४,८०,७४४।- को पचास प्रतिशतले हुने रु.७,४०,३७२।- पुनरावेदन धरौटी दाखिला भए/नभएको तथा पुनरावेदन पत्रमा विवादित कर उल्लेख गरे/नगरेको धरौटी रकम पुगे/नपुगेको यकिन समेत नगरी स्रेस्तेदारबाट स्वीकृत भई मिति २०७६।१२।०३ मा पुनरावेदन दर्ता भएको पाइयो ।

२. राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा २, ३, ५, ६, ९ र १४ क्रमशः परिभाषा, स्थापना र गठन, अधिकारक्षेत्रको प्रयोग, अधिकारक्षेत्र, पुनरावेदन सम्बन्धमा धरौट राख्ने र म्याद र न्यायाधिकरणमा पुनरावेदन लाग्ने मुद्दाहरुको शुरु कारवाही र किनारा गर्ने अड्डा वा अधिकारीलाई पक्ष र साक्षी झिकाउने, बयान लिने, प्रमाण बुझ्ने, कागजपत्र दाखिल गराउने र दण्ड सजाय गर्ने समेत प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहको अधिकार हुने कानूनी व्यवस्था गरेको छ । साथै यो ऐनको प्रभावकारी कार्यान्वयन गर्न र ऐनको उद्देश्य पूर्ति गर्नको लागि नेपाल सरकारले नियम बनाउन सक्ने व्यवस्था दफा १५ मा गरिएको छ ।४८ वर्ष पहिले विक्रम सम्बत २०३१ सालमा बनेको ऐनमा भएको व्यवस्था कार्यान्वयन गर्न नियम नबनाइनु ऐनमा भएका उल्लिखित दफाहरुमा न्यायाधिकरणको काम, कर्तव्य, विधि र प्रकृया स्पष्ट भएर नै हो भन्ने बुझ्नु पर्ने भयो । न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा र दर्ता भएका मुद्दाहरुको सुनुवाई गर्नु भन्दा पहिले प्रारम्भिक चरण मै दफा ६ बमोजिमको न्यायाधिकरणको अधिकार क्षेत्र र दफा ९ बमोजिमको पुनरावेदन दर्ता गर्न दाखिल गर्नु पर्ने धरौट र पुनरावेदनको म्याद ऐनमा भएको व्यवस्था अनुसार भए नभएको यकिन गर्नु पर्ने देखियो । करदाता पुनरावेदकले पुनरावेदन पत्रमा न्याय निरोपणका लागि दावी गरेका, प्रत्यर्थीले भन्सार महशुल र कर निर्धारणमा गर्दा भए/गरेका कानूनी त्रुटीहरुको सुनुवाई गर्न मुद्दाको प्रत्यर्थी नेपाल सरकारलाई स्वच्छ सुनुवाइका लागि जानकारी दिई झिकाउनु पर्ने प्रचलित कानूनमा व्यवस्था गरिएको छ । न्यायाधिकरण प्रशासनले पुनरावेदन दर्ता गर्दा यस ऐन बमोजिम पुर्याउनु पर्ने रित र पुनरावेदकले पुनरावेदन पत्र साथ पेश गर्नु पर्ने पुनरावेदन धरौटी, म्याद भए रहेको प्रमाण र नेपाल सरकारले तोकेको भौगोलिक क्षेत्र भित्रको भए नभएको सम्बन्धमा न्यायाधिकरणले मिसिलको प्रारम्भिक अध्ययन गरी यकिन गर्नु पर्ने देखियो। प्रचलित ऐन नियममा तोकिएका सबै विधि र रित पुऱ्याई दर्ता भए/नभएको सम्बन्धमा समग्र न्यायाधिकरणको जिम्मेवारी हुने देखिन्छ । ऐनको दफा ९ बमोजिमको धरौटी भए/नभएको यकिन गर्ने काम राजस्व तथा लेखा सदस्यले गर्नु पदीय विज्ञता र अनुभवका आधारमा गर्नु पर्ने देखिन्छ। यस सम्बन्धमा लेखा सदस्य र निमित्त

अध्यक्षको हैसियत राजस्व न्यायाधिकरण काठमाण्डौको क्रमशः चलानी नं. १५६६ मिति २०७७।१२।१३ को पत्र र चलानी नं. मुद्दाफाँट५९ मिति २०७८।११।१३ को पत्रबाट न्यायाधिकरण प्रशासनलाई धरौटी गणना तथा धरौटीको प्रमाण मिसिल संलग्न गर्न गराउन लिखित निर्देशन दिई सम्मानीत सर्वोच्च अदालत, सार्वजनिक लेखा समिति, सम्मानीय प्रधानन्यायाधीशज्यू, न्याय परिषद्, न्याय सेवा आयोग, महालेखा परीक्षक र अर्थ मन्त्रालय समेत निकायमा वोधार्थ दिएको उक्त पत्रहरुमा उल्लेख गरी तोकिएका कामहरु भएको मिसिल अध्ययन गर्दा देखिएन। प्रचलित कानूनले तोके बमोजिमका सबै विधि र प्रकृया सम्पन्न भएको यकिन गरेर मात्र अन्तिम सुनुवाइ गरी फैसला गरिने र प्रकृयागत त्रुटी भएको देखिएमा विषय विज्ञको राय बमोजिम निर्णय गर्नु उचित हुने व्यहोरा तथा राजस्व, धरौटी, विनियोजन, कोष, आय, व्यय, डेविट, क्रेडिट, वासलात, नाफा/नोक्सान खाता सर्वसञ्चित कोषमा दाखिला हुने रकम, धरौटी खातामा दाखिला गर्नु पर्ने रकम आदि विषयका सम्बन्धमा लेखा सदस्यले प्रचलित कानूनमा भएको व्यवस्था सहित निर्णयमा पुग्नू अघि आफ्नो राय लिखित रुपमा उल्लेख गर्नु ऐनको दफा ३ को उपदफा (३) को देहाय (क) मा रहेको पद नामको कर्तव्य भित्र पर्ने व्यहोरा समेत फैसलाको तथ्य खण्डमै उल्लेख गर्नु पर्ने देखियो ।

३. यसै गरी राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी दाखिला नगरी पुनरावेदन दर्ता भएका मुद्दाहरुको फैसला भएमा ऐ. ऐनको दफा ८ अनुसार सर्वोच्च अदालतमा पुनरावेदन दिन पाउने हक अधिकारबाट करदाता पुनरावेदक बञ्चित भई फैसलामा “अधिकारक्षेत्रको प्रश्न बुझ्नु पर्ने प्रमाण नबेझेको वा बुझ्नु नहुने प्रमाण बुझेको वा बाध्यात्मक रुपमा पालन गर्नु पर्ने कार्यविधिसम्बन्धी कानूनको उल्लंघन भएको प्रन र गम्भीर कानूनी त्रुटी सम्बन्धी प्रश्न” उठि प्रत्यक्ष कानूनी त्रुटी भई न्यायाधिकरणको निर्णय पूर्ण वा आंशिक रुपमा उल्टिने देखी सर्वोच्च अदातलले आफू समक्ष पुनरावेदन गर्न अनुमति दिएकोमा न्यायाधिकरणको फैसला वा अन्तिम आदेश उपर दफा ९ बमोजिमको धरौटी नराखी वा तोकिए बमोजिमको सम्पूर्ण रकम धरौटी खातामा रकम दाखिला नगरी पुनरावेदन दर्ता गर्दा वा दर्ता भएको पुनरावेदन उपर फैसला हुँदा कार्यविधि सम्बन्धी वाध्यकारी कानूनी व्यवस्थाको उल्लंघन हुनगई सर्वोच्च अदालतमा पुनरावेदन लागि करदाताको हितमा प्रतिकुल असर पर्ने समेत देखिएकोले पछि पुष्टी हुने मिसिल संलग्न तथ्य, कानूनी व्यवस्था र सर्बोच्च अदालतबाट भन्सार विभाग तथा आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकका लागि दाखिला गर्नु पर्ने भन्सार महशुल बापतको रकम र राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्न राख्नु पर्ने धरौटी रकम सम्बन्धमा भएको विवादमा भएका पूर्व फैसला, आदेश र निर्णय समेत हेरी निम्न बमोजिम विषयमा यकिन गरेर मात्र निर्णयमा पुग्नु पर्ने देखियो ।

क) राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ बमोजिम न्यायाधिकरणको अधिकार क्षेत्र भित्र परेको प्रस्तुत पुनरावेदन दर्ता गर्दा दाखिल गर्नु पर्ने दफा ९ को उपदफा (१) बमोजिमको धरौटी दाखिल भएको छ ? छैन ?

ख) ऐ. दफाको उपदफा (१) बमोजिम मूल्य अभिवृद्धि कर तर्फको पुनरावेदन दर्ताका लागि तोकिएको देहायको खण्ड (क) बमोजिम धरौटी नराखी दर्ता भएको पुनरावेदनको तथ्य भित्र प्रवेश गरी निर्णय गर्नुको औचित्य हुने ? नहुने ? सम्बन्धमा निर्णय गरी फैसला गर्नु पर्ने देखिन आयो ।

४. प्रस्तुत मुद्दाको पुनरावेदन दर्ता गर्दाका वखत राख्नु पर्ने धरौटी दाखिला भएको नदेखिएको सन्दर्भमा पुनरावेदक तथा प्रत्यर्थी तर्फका विद्वानलाई म लेखा सदस्यबाट धरौटी रकम दाखिला भएको देखिएन भनि प्रष्ट पार्न अनुरोध गर्दा पुनरावेदकको तर्फका विद्वान अधिवक्ता श्री सुजन रिजालबाट निर्धारित करको तोकिए अनुसारको रकम अग्रिम दाखिला भएकोले सोको आधारमा पुनरावेदन दर्ता भएको हो भन्ने बहस र प्रत्यर्थी तर्फका विद्वान सहायक न्यायाधिवक्ता श्री विमला गौतमबाट राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने विवादित कर रकमको पचास प्रतिशतले हुने धरौटी रकम दाखिला गरेको देखिएन।सो सम्वन्धमा सम्मानित इजलासबाट यकिन गरी नियमानुसार हुने नै छ भन्ने बहस समेत सुनियो ।

५. करदाता पुनरावेदकले पुनरावेदन पत्र दर्ता गर्दा पेश गरेका मिसिल सम्लग्न कागजात तथा कर निर्धारणको फोटोकपी पत्र र अप्रमाणित फोटोकपी भौचरहरु हेर्दा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम धरौटी नराखि पुनरावेदन दर्तै नलाग्ने प्रस्तुत पुनरावेदन दर्ता भएको हो होइन यकिन गर्न मिसल सम्लग्न प्रमाण कागजातको थप अध्ययन गर्नु पर्ने देखियो ।

६. मिसिल सम्लग्न प्रचलित कानून अनुसार पुनरावेदन पत्र साथ पेश गर्नु पर्ने प्रमाण कागजातको अध्ययन गर्दा मू.अ.कर (२०७०/ २०७१) तर्फको मुद्दामा मूल्य अभिवृद्धि कर ऐन,२०५२ दफा ३३ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (क) मा भएको व्यवस्था अनुसार पुनरावलोकनका लागि निवेदन र पुनरावेदन पत्र दर्तागर्दा दाखिल गर्नु पर्ने राजस्व तथा धरौटी सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यस्था सो सम्बन्धमा सर्वोच्च अदालतबाट २०६३-WS-००१३ देखि २०६३-WS-००१७ समेतका रिट तथा ०७२-RB-०४७० आयकर मुद्दामा भएको व्याख्या विश्लेषण र प्रतिपादित सिद्धान्त अनुसार समेत राखु पर्ने च.नं.९५९ मिति २०७३।०३।३० को पत्रानुसारको निर्धारित (विवादित) कर रु.१४,८०,७४४।- को क्रमशः राजस्व एकतिहाई र धरौटी ५० प्रतिशत समेतले हुने रु.१२,३३,९५३।३३

दाखिला गर्नु पर्नेमा सो अनुसारको रकम दाखिला गरेको पाइएन। प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएको मिति २०७३।०६।२० पश्चात पनि राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) अनुसार पचास प्रतिशतले हुने धरौटी रु.७,४०,३७२।- दाखिला गर्नु पर्नेमा भौचर नं. ९१४७३२७ मिति २०७६।११।२७ मा राजस्व शिर्षक नं ३३३११ (मू.अ.कर -उत्पादन) सर्वसञ्चित कोषमा दाखिला गरेको पुनरावेदकले पुनरावेदन धरौटी भनेको रु.२,४६,७७२।- लाई गणना गर्दा रु.४,९३,६००।- धरौटी अपुग देखिएको छ।

७. राजस्व न्यायाधिकरणमा करदाताले पुनरावेदन दर्ता गर्न दाखिला गर्नु पर्ने रकम सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यवस्था अनुसार प्रशासकीय पुनरावलोकनका लागि निवेदन दर्ता गर्दा दाखिला गर्नु पर्ने राजस्व (कर) रकम र राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी कर निर्धारण गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा अनिवार्य रुपमा राख्नु पर्ने र धरौटी नराखी पुनरावेदन लाग्ने छैन भनि राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) मा स्पष्ट उल्लेख छ। प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिनु अघि राजस्व शिर्षक मार्फत संघीय सर्वसञ्चित कोषमा दाखिला भई रोक्का समेत नराखेको रकमलाई धरौटीको रुपमा गणना गर्नुलाई प्रचलित कानूनको पालना भएको मान्न सकिएन। राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गर्दा राख्नै पर्ने धरौटी कर कार्यालयले सम्बन्धित करदाताको तिर्नु पर्ने कर दायित्वमा स्वतः प्रणाली (System) ले मिलान गर्ने भएकोले राजस्व खातामा दाखिला भएको त्यस्तो रकमलाई धरौटीको रुपमा गणना गर्दा एउटै रकमको दोहोरो गणना हुने हुन्छ। राजस्व खातामा दाखिला भएको रकम रोक्का राख्ने स्वफ्टवेयर प्रणाली आन्तरिक राजस्व विभाग/कार्यालयमा नभएको र राजस्वको फोटोकपी अप्रमाणित भौचर पेश गरेको अवस्थामा त्यस्तो भौचर तथा पत्रमा उल्लेख गरेको रकमलाई धरौटी हो भनि पुनरावेदन दर्ता गर्दा दाखिला गर्नु पर्ने धरौटी हो भनि गणना गर्न मिल्ने देखिएन। अतः धरौटी सम्बन्धी विवादमा सर्वोच्च अदालतबाट संवैधानिक परीक्षण भई जारी भएका निम्न उत्प्रेषण आदेश, प्रतिपादित नजिर तथा सिद्धान्त समेतको विश्लेषण गरी संक्षिप्त तथ्य सहित प्रस्तुत मुद्दाको ठहर यस प्रकार रहेको छः-

८. मूल्य अभिवृद्धि कर ऐन,२०५२ बमोजिम शुरु कार्यालयबाट निर्धारित (विवादित) कर रकमको पचास प्रतिशतले हुने रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले तोकिदिएको कार्यालयमा धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने व्यहोरा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) को (क) मा स्पष्टसँग उल्लेख छ। ऐनको सो व्यवस्था बमोजिम पुनरावेदन पत्र दर्ता गर्न राख्नु पर्ने धरौटी आर्थिक कार्यविधि नियमावली,२०६४को नियम ६२, हाल आर्थिक कार्यविधि

तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६३ बमोजिमको धरौटी खातामा दाखिला गरी पुनरावेदन दर्ता गर्दाका बखत राखिएको धरौटीको गोश्वारा र व्यक्तिगत धरौटी खातामा अभिलेखाङ्कन गरी अद्यावधिक गरी राख्नु पर्ने हुन्छ। आर्थिक कार्यविधि नियमावली¸२०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२ को देहाय खण्ड (क) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व अग्रिम रुपमा बुझाउन र खण्ड (ख) मा नेपाल सरकारलाई बुझाउनु पर्ने राजस्व कति बुझाउनु पर्ने भन्ने निर्णय नहुँदै त्यस्तो राजस्व रकम अग्रिम रुपमा बुझाउनु परेमा धरौटीको रुपमा राख्नु पर्ने उल्लेख छ।

९. राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) मा उल्लेख भए अनुसार पुनरावेदन दर्ता गर्दा राख्नु पर्ने धरौटी रकम सन्दर्भमा सम्मानित सर्वोच्च अदालतमा सूर्य टोवाको कम्पनी प्रा.लि. को तर्फबाट सञ्चालक हर्ष एम दर र ऐ. कम्पनीको शेयरवाला शशीराज पाण्डे समेत विरुद्ध राजस्व न्यायाधिकरण काठमाण्डौ समेत भएको राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) को खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेत सँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरिपाउन भनी दिएको रिट नं. २०६३-WS-००१३, २०६३-WS-००१४, २०६३-WS-००१५, २०६३-WS-००१६ र २०६३-WS-००१७ समेतका रिट निवेदनम "राजस्व न्यायाधिकरणका श्रेस्तेदारको मिति २०६४।१२।८ को दरपीठ आदेश र उक्त दरपीठ सदर गरेको राजस्व न्यायाधिकरणको आदेश बदर गरी विना धरौटी पुनरावेदन पत्र लिई कानून बमोजिम निर्णय गर्नु भन्ने राजस्व न्यायाधिकरणका नाउँमा परमादेश जारी गरी पाऊँ, अन्तःशुल्क ऐन,२०५८ को दफा २३ मा महानिर्देशकको निर्णय उपर पुनरावेदन गर्दा धरौटी राख्नु पर्ने कुनै कानूनी व्यवस्था नगरिएको तथा ऐनको दफा २४ ले यस ऐनलाई अन्य कानून भन्दा माथिल्लो स्तरमा राखेकोले ऐनको सर्वोच्चताका आधारमा पनि धरौटी राख्नु पर्ने राजस्व न्यायाधिकरण ऐन¸२०३१ को दफा ९ को उपदफा (१) खण्ड (ख) को व्यवस्था संविधानको धारा ७३ समेतसँग बाझिएकोले धारा ८८ को उपधारा (१) अनुसार अमान्य र बदर घोषित गरी प्रस्तुत निवेदनलाई अग्राधिकारमा पेशी चढाई पाउँ" भन्ने दावी रहेकोमा सो दावीका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०६६।१२।१९ मा "संविधानमा रहेको 'कानून बमोजिम बाहेक कर लगाउन वा ऋण लिन नपाइने' भन्ने वाक्यांशसँग बाझिएको भन्ने देखिन आएन, अमान्य र बदर घोषित गरी पाउँ भनी दावी लिएको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को व्यवस्था संविधानको कुनै पनि प्रावधानसँग बाझिएको नदेखिंदा सो

हदसम्म प्रस्तुत निवेदन खारेज हुन्छ" भन्ने आदेश भई रिट निवेदन खारेज भई ऐनको दफा ९ को कानूनी व्यवस्थाको संवैधानिक परीक्षण समेत भएको छ।

१०. यसै गरी राजस्व न्यायाधिकरण काठमाण्डौमा पुनरावेदन दर्ता नं ०७५-RB-०२३० आयकर (२०७०/०७१) दर्ता भएको आयकर ऐन,२०५८ को दफा १०१ को उपदफा (१) बमोजिम लक्ष्मी स्टिल्स प्रा.लि. को संशोधित कर निर्धारण भई थप कर निर्धारण भएकोमा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) बमोजिमको धरौटी राखी पुनरावेदन गर्नु पर्नेमा मिसिलमा संलग्न दाखिला भौचर तथा आयकर ऐन,२०५८ को दफा १०२ बमोजिमको सूचना पत्र समेतका विवरणहरुका आधारमा रु.५१,७८,७४६।७० नपुग भएको देखिएको धरौटी रकम १५ दिन भित्र जम्मा गर्न लगाई आदेश बमोजिमको काम सम्पन्न भएपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्ने भन्ने यसै न्यायाधीकरणबाट आदेश भएको छ। सो आदेश उपर लक्ष्मी स्टिल्स प्रा.लि.ले सर्वोच्च अदालतमा दायर रिट नं. ०७७-WO-००४२ को निवेदन उपर मिति २०७७।४।१६ मा सर्वोच्च अदालतबाट जारी भएको उत्प्रेषण आदेश अनुसार सो मुद्दाको हकमा आयकर ऐन,२०५८ बमोजिम अनिवार्य रुपमा दाखिला गर्नु पर्ने ऐ ऐनको दफा ९४, ९९, १००,१०१ र दफा ३१क को उपदफा (६) मा तोकिए अनुसार समेत कर राजस्व खातामा दाखिला गरी आय विवरणसाथ दाखिला भएको देखिएको रु.७६,३५,६१४।- भएको सन्दर्भमा हेर्दा मिति २०७६।११।१२ को *(शुल्क र व्याजलाई जरिवाना मानी सो रकमको राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९ को उपदफा (१) को खण्ड (क) बमोजिम शतप्रतिशत धरौटी माग गर्दा पचास प्रतिशत मात्र धरौटी राख्न पाउनु पर्ने भनी भएको विवाद)* विवादित आदेशको यथावत कार्यान्वयन भएमा निवेदकलाई अपूरणीय क्षति पुग्न जाने देखिएकोले उक्त विवादको निरोपण नहुँदासम्म राजस्व न्यायाधिकरणमा परेको पुनरावेदन सम्बन्धी काम कारवाही नरोक्नु, पुनरावेदन दर्ता र सुनुवाई प्रकृया अगाडि वढाउनु भन्ने उक्त निवेदन उपर सम्मानित सर्वोच्च अदालतबाट उत्प्रेषण आदेश भएको छ।

११. सर्वोच्च अदालतबाटै ०७२-RB-०४७० आयकर (२०६१/०६२) पुनरावेदक ठूला करदाता कार्यालय प्रत्यर्थी सूर्य नेपाल प्रा.लि. विरुद्धको मुद्दामा मिति २०७४।१०। २९ गते भएको फैसला अनुसार "राजस्व न्यायाधिकरणले गरेको आयकर ऐन,२०५८ को दफा ११५ को उपदफा (६) बमोजिमको प्रक्रिया पुरा गर्नु नपर्ने भनी गरेको व्याख्या कार्यविधि कानूनको सिद्धान्त विपरीत हुन्छ।कारवाही हुँदाका बखत कार्यान्वयनमा नै नरहेको कानूनी व्यवस्था आकर्षित हुने भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई न्यायोचित भन्न मिलेन। अतः विवेचित तथ्य सिध्दान्त एवं प्रमाणको आधारमा आयकर ऐन, २०५८ को दफा ११५ उपदफा (६) को व्यवस्था आर्थिक अध्यादेश

२०६१/०६२ बाट खारेज भई धरौटी राख्ने व्यवस्था नगरेकोले आन्तरिक राजस्व विभागको निर्णय बदर गरी अब जो जे बुझ्नु पर्छ बुझी पुनः यकिन निर्णय गर्नु भनी राजस्व न्यायाधिकरण, काठमाण्डौबाट भएको फैसलालाई कानूनसम्मत मान्न मिलेन। उक्त फैसला बदर भई उल्टी हुने ठहर्छ" भनिएको छ।

१२. प्रचलित आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र भन्सार ऐनहरुमा तत् तत् आर्थिक वर्षका लागि विधायीकावाट जारी भएकन आर्थिक ऐनद्वारा भएको संशोधन र सम्मानित सर्वोच्च अदालतका उल्लिखित फैसला अनुसार नै पुनरावलोकनका लागि निवेदन दिँदा र पुनरावेदन दर्ता गर्दा मूल्य अभिवृद्धि कर/आयकर तर्फको निर्धारित (विवादित) करको लागि पुनरावेदन पत्र आर्थिक वर्ष २०७५/०७६ सम्म क्रमशः विवादित रकमको ३३ प्रतिशत राजस्व र ५० प्रतिशत धरौटी गरी ८३ प्रतिशत रकम दाखिला गर्नु पर्ने, आर्थिक वर्ष २०७६/०७७ देखि आर्थिक वर्ष २०७८/०७९ सम्म विवादित रकमको २५ प्रतिशत राजस्व र ५० प्रतिशत धरौटी गरी ७५ प्रतिशत रकम दाखिला गर्नु पर्ने, र आर्थिक वर्ष २०७९/०८० देखि विवादित रकमको २५ प्रतिशत राजस्व र २५ प्रतिशत धरौटी गरी ५० प्रतिशत रकम धरौटी बापत दाखिला भएको प्रमाणित भौचर पुनरावेदन पत्र साथ संलग्न गरी पुनरावेदन दर्ता गर्नु पर्ने उल्लेख छ। साथै भन्सार तथा अन्तःशुल्क तर्फ भने निर्धारित (विवादित) अन्तःशुल्क तथा भन्सार महशुल रकमको शत प्रतिशतले हुने रकम सम्बन्धित कर निर्धारण गर्ने अधिकृतले तोके बमोजिम धरौटी दाखिला गरी सोको प्रमाणित भौचर संलग्न गराएर मात्र पुनरावेदन पत्र दर्ता गर्नु पर्ने उल्लेखछ।प्रस्तुत मुद्दाको मिसिल सम्लग्न गरेका प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिने क्रममा र सो पश्चात संघीय सर्वसञ्चित कोषमा दाखिला गरेको पुनरावेदकले धरौटी भनेको राजस्व खातामा दाखिला भएका अप्रमाणित फोटोकपी भौचरहरुमा उल्लेख भएअनुसारको रकमलाई समेत गणना गर्दा पनि पुनरावेदन दर्ता गर्दा प्रचलित ऐन अनुसार अनिवार्यरुपमा राख्नु पर्ने रु.७,४०,३७२।- धरौटी नपुग भएको अवस्थामा पनि पुनरावेदन दर्ता गरेको पाइयो।

१३. सर्वोच्च अदालतको मिति २०६६।१२।१९ को आदेशबाट समेत संवैधानिक परीक्षण भई सदर ठहरिएको राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) “प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा वा उच्च अदालतमा पुनरावेदन गर्दाका देहायबमोजिम धरौट नराखी पुनरावेदन लाग्ने छैन” भन्ने व्यवस्था रही ऐ. को खण्ड (क) मा मूल्य अभिवृद्धि कर तर्फ राख्नु पर्ने विवादरहित कर बाहेकको निर्धारित (विवादित) कर रु.१४,८०,७४४।- को क्रमशः राजस्व एकतिहाई र धरौटी ५० प्रतिशत समेतले हुने रु.१२,३३,९५३।३३ दाखिला गर्नु पर्नेमा सो अनुसारको रकम दाखिला गरेको पाइएन। प्रशासकीय पुनरावलोकनका लागि निवेदन

दिएको मिति २०७३।०६।२० पश्चात पनि राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) अनुसार पचास प्रतिशतले हुने धरौटी रु.७,४०,३७२।- दाखिला गर्नु पर्नेमा भौचर नं. ९१४७३२७ मिति २०७६।११।२७ मा राजस्व शिर्षक नं ३३३११ (मू.अ.कर -उत्पादन) सर्वसञ्चित कोषमा दाखिला गरेको पुनरावेदकले पुनरावेदन धरौटी भनेको रु.२,४६,७७२।- लाई गणना गर्दा रु.४,९३,६००।- अपुग पुनरावेदन धरौटी दाखिलाको सक्कल बैक भौचर वा निस्सा १५ दिनभित्र पुनरावेदकलाई दाखिला गर्न लगाई सो आदेश बमोजिमको काम सम्पन्न भएपछि वा सो अवधि नाघेपछि नियमानुसार पेश गर्ने आदेश गर्नु उपयुक्त हुने राय म लेखा सदस्यबाट राख्दा समेत मेरो उक्त रायमा असहमति जनाउँदै सहकर्मीद्वय कानून सदस्य र राजस्व सदस्यबाट फैसला गर्ने निर्णय भएकोमा उक्त दफा ९ को उपदफा (१) बमोजिम हुने रु.७,४०,३७२।- धरौटी नराखी पुनरावेदन दर्तै नलाग्ने पुनरावेदन दर्ता भएको देखिएको प्रस्तुत मुद्दाको तथ्य भित्र प्रवेश गरी भएको फैसला तथा ठहरमा सहमत हुन सकिएन।

१६. उल्लिखित कानूनी व्यवस्था र पुनरावेदनमा भएका तथ्यहरु समेतको आधारमा निर्णय तर्फ विचार गर्दा सहकर्मीद्वय कानून तथा राजस्व सदस्यले प्रस्तुत मुद्दामा करदाताले राख्नुपर्ने धरौटी रकमको सम्बन्धमा फरक राय प्रकट गर्नु भएकोले पुनरावेदक करदाताले यस न्यायाधिकरणमा यो पुनरावेदन दर्ता गर्दा राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ९(१) को परिपालना गरेको देखिन्छ वा देखिदैन भन्ने प्रश्न तर्फ थप विचार गर्नु पर्ने देखियो। राजस्व न्यायाधिकरण ऐन, २०३१ कोदफा ९ को (१) मा **"प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत न्यायाधिकरणमा पुनरावेदन गर्दा देहाय बमोजिम धरौटी नराखी पुनरावेदन लाग्ने छैन भन्ने कानूनी व्यवस्था गर्दै खण्ड (क) मा कर निर्धारण भएकोमा निर्धारित करको पचासप्रतिशत रकम र जरिवाना भएकोमा जरिवानाको रकम र दुवै भएकोमा निर्धारित करको पचासप्रतिशत रकम र जरिवानाको रकम त्यस्तो निर्धारण गर्ने वा जरिवाना गर्ने अधिकृतले नै तोकिदिएको कार्यालयमा"** भन्ने कानूनी व्यवस्था रहेको छ।प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिँदा र सो अघि ऐनको अनिवार्य व्यवस्था मूताविक दाखिला गर्नु पर्ने राजस्व शिर्षक मार्फत सर्वसञ्चित कोषमा दाखिला गरेको राजस्व रकम बाहेक पुनरावेदन दर्ता गर्न राख्नुपर्ने सो व्यवस्था अनुरुप धरौटी दाखिला गरेको प्रमाण मिसिल संलग्न गरेको पाइएन। गतविगत आर्थिक वर्षमा सर्बसञ्चित कोषमा दाखिला भएको कर राजस्व रकमलाई समेत धरौटीको रुपमा गणना गरी पुनरावेदन दर्ता गर्न मिल्ने व्यवस्था प्रचलित कुनै पनि ऐन तथा नियममा भएको नपाइएको र पुनरावेदकले पुरा गर्नु पर्ने कार्यविधि कानूनको पालना नभएको प्रस्तुत पुनरावेदकको पुनरावेदन पत्रको तथ्य भित्र प्रवेश गरी फैसला गर्दा प्रत्यर्थीलाई अन्याय हुनुको साथै राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा

९ को उपदफा (१) मा भएको व्यवस्था विपरित हुने भएकोले बहुमतको उल्लिखित फैसलामा सहमत हुन सकिएन । अतः राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) बमोजिम पुनरावेदन दर्ता गर्दा राख्नुपर्ने धरौटी सम्बन्धमा आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ६३ हाल आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ६२, सर्वोच्च अदालतबाट रिट नं. २०६३-WS-००१३ देखि रिट नं. २०६३-WS-००१७ समेतका रिट निवेदन र मुद्दा नं. ०७२-RB-०४७० आयकर (०६१/०६२) का फैसलामा भएको व्याख्या विश्लेषण र प्रतिपादित सिद्धान्त तथा ठहर समेत बमोजिम पनि अनिवार्यरुपमा राख्नु पर्ने धरौटी नराखी पुनरावेदन दर्तै नहुने पुनरावेदन दर्ता भएको मुद्दाको तथ्य भित्र प्रवेश गरी निर्णय गर्न नमिल्ने र औचित्य नै नहुने देखिएको प्रस्तुत मुद्दामा सहकर्मीद्वयबाट ***"करदाता श्री यसमा करदाता एभरेष्ट ग्यास उद्योग प्रा.ली. (स्थायी लेखा नं.३०११३५४६९)को आ.व.२०७०/०७१ को मूल्य अभिवृद्धि कर तर्फ ठूला करदाता कार्यालयबाट मिति २०७३।०३।२४ मा अन्तिम कर निर्धारण गरेको निर्णय मध्ये स्वास्थ्य सेवा बाहेक विभिन्न औद्योगिक तथा अन्य प्रयोजनको लागि विक्री गरेको कारोवारको सम्बन्धमा छानविन गरी पुनः कर निर्धारण गर्ने र अन्य शिर्षकको हकमा शुरु निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।०९।०७ मा भएको निर्णय मिलेकै देखिंदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकीर पुग्न सक्दैन।"*** भनि भएको बहुमत फैसलामा सहमत हुन नसकी देहाय बमोजिम फरक राय सहितको ठहर गर्दछु:-

१४. यसमा पुनरावेदक करदाता एभरेष्ट ग्यास प्रा.लि. (स्थायी लेखा नं.३०११३५४६९) को मू.अ.कर (२०७०/ २०७१) तर्फको मुद्दामा मूल्य अभिवृद्धि कर ऐन,२०५२ दफा ३३ तथा राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (क) मा भएको व्यवस्था अनुसार पुनरावलोकनका लागि निवेदन र पुनरावेदन पत्र दर्तागर्दा दाखिल गर्नु पर्ने राजस्व तथा धरौटी सम्बन्धमा प्रचलित ऐन तथा नियमहरुमा भएको व्यस्था सो सम्बन्धमा सर्वोच्च अदालतबाट २०६३-WS-००१३ देखि २०६३-WS-००१७ समेतका रिट तथा ०७२-RB-०४७० आयकर मुद्दामा भएको व्याख्या विश्लेषण र प्रतिपादित सिद्धान्त अनुसार समेत राखु पर्ने च.नं.९५९ मिति २०७३।०३।३० को पत्रानुसारको निर्धारित (विवादित) कर रु.१४,८०,७४४।- को पचास प्रतिशतले हुने रु.७,४०,३७२।- धरौटी राखु पर्नेमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दर्ता गरेको मिति २०७३।०६।२० पश्चात भौचरनं. ९१४७३२७ मिति २०७६।११।२७ मा राजस्व शिर्षक नं ३३३११ (मू.अ.कर -उत्पादन) सर्वसञ्चित कोषमा दाखिला गरेको पुनरावेदकले पुनरावेदन धरौटी भनेको रु.२,४६,७७२।- लाई गणना गर्दा पनि नपुग

रु.४,९३,६००।- धरौटी दाखिल गरेको पाइएन। अतः राजस्व न्यायाधिकरण ऐन,२०३१ को दफा ९ को उपदफा (१) खण्ड (क) बमोजिमको रु.७,४०,३७२।- धरौटी दाखिल नगरी/नगराई दर्ता भएको प्रस्तुत पुनरावेदनको तथ्य भित्र प्रवेश गरी निर्णय गर्न मिलेन। यस अवस्थामा माननीय अध्यक्ष तथा कानून सदस्य र राजस्व सदस्यबाट भएको उल्लिखित बहुमतको फैसलामा सहमत हुन सकिएन। प्रस्तुत पुनरावेदन दर्ता हुँदा कै बखत देखि खारेज हुने ठहर्छ।करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन।

(पुष्प प्रसाद गुरागाईं)
लेखा सदस्य

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
इजलास अधिकृतः श्री खेमकुमारी बस्नेत
कम्प्यूटर टाइपः श्री प्रदिप तिवारी र लेखा सदस्य पुष्पप्रसाद गुरागाईं
इतिसम्बत २०७९ साल भदौ १९ गते रोज १ शुभम......
प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्नेः-

राजस्व न्यायाधिकरण काठमाण्डौको छाप